# नेपालमा पूर्वबजेट विवरण तथा नागरिक बजेट

(वर्तमान अभ्यास र प्रारुप)



FREEDOM FORUM

PRAN
Program for
Accountability in Nepal

CENTRE FOR INTERNATIONAL
STUDIES AND COOPERATION
CECI

# नेपालमा पूर्वबजेट विवरण तथा नागरिक बजेट

(वर्तमान अभ्यास र प्रारुप)

FREEDOM FORUM

फ्रिडम फोरम

थापाथली, काठमाडौं

यो सामग्री विश्व बैंकको नेपालमा जवाफदेहिता कार्यक्रम (PRAN) अन्तर्गत अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) द्वारा सञ्चालित कार्य सिकाइको लागि अनुदान सुविधाबाट प्राप्त सहयोगमा कार्यान्वयन भएको परियोजनाको उपज हो । यस दस्तावेजमा प्रस्तुत सूचना तथा व्यक्त गरिएका नतिजा, व्याख्या र निष्कर्षहरुले विश्व बैंक, PRAN अथवा CECI का धारणालाई प्रतिविम्बित गर्दैनन् ।

# १. पृष्ठभूमि

बजेट पारदर्शिता भन्नाले बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र निगरानी तथा लेखापरीक्षण जस्ता सबै चरणका बजेट प्रक्रियामा पारदर्शिता, बजेट दस्तावेजको सहज उपलब्धता र सूचनामा पहुँच भन्ने बुझ्नुपर्छ । बजेट पारदर्शिताको अवस्थाले बजेटका हरेक प्रक्रियामा नागरिकको सुसूचित सहभागिताको अवस्था दर्शाउँछ । आम नागरिकले बजेटप्रति चासो राख्ने, बजेट प्रक्रियामा आफैं सहभागी हुने तथा बजेट प्रक्रियामा संलग्न निकायलाई आवश्यक सल्लाह र सुझाव दिन सक्ने अवस्था रहेमा बजेट पारदर्शी मानिन्छ ।

बजेटका कार्यक्रम, त्यसमा अन्तरनिहित प्रक्रिया, निर्णय र नतिजाबारे नागरिकले थाहा पाउन अवस्था रहेमा बजेटप्रति नागरिकले उल्लेखित विषयमा आफ्नो उपयुक्त धारणा निर्माण गर्न तथा समर्थन वा आलोचना गर्न सक्ने हुन्छन्, जसले उनीहरूलाई सार्वभौम नागरिक भएको अनुभूति दिलाउँछ र सहभागितामूलक लोकतन्त्रको अभ्यासलाई सुदृढ गर्छ ।

बजेट पारदर्शिता जनताको करको सुदृढ व्यवस्थापनको पूर्वसर्त हो । सार्वजनिक निकायमा रहेका हरेक किसिमका सूचनामा नागरिकको पहुँच हुनुपर्छ भन्ने उद्देश्यले फ्रिडम फोरमले निरन्तर पैरवी गर्दै आएको सन्दर्भमा बजेट सूचनामा नागरिकको पहुँच विस्तार गरी बजेट पारदर्शिता प्रवर्द्धन गर्ने अभिप्रायले फ्रिडम फोरमले यो विषयमा पनि बहस र पैरवी गर्दै आएको छ ।

बजेट पारदर्शिताको अध्ययन गर्दै आएको संस्था इन्टरनेसनल बजेट पार्टनरसीप (आईबीपी) का अनुसार बजेट पारदर्शिता निम्न सूचकहरूका आधारमा मापन गरिन्छ ।[१]

- बजेट प्रक्रियाको हरेक चरणका महत्वपूर्ण सूचनामा नागरिकको सम्बद्ध पहुँच
- नागरिकका लागि बजेट प्रक्रियामा सहभागी हुने अवसर र
- निगरानी निकाय (विधायिका र सर्वोच्च लखापरीक्षण निकाय) सवलता

आईबीपीले विश्वव्यापी रूपमा हरेक दुई वर्षमा बजेट पारदर्शिताको अवस्थाको अध्ययन अर्थात् खुला बजेट सर्वेक्षण गर्छ । नेपालमा फ्रिडम फोरम सो सर्वेक्षणमा संलग्न रहँदै आएको छ ।

## विगत चारवटा सर्वेक्षणमा नेपालले प्राप्त गरेको अंक

| वर्ष | २००६ | २००८ | २०१० | २०१२ |
|---|---|---|---|---|
| अंक | ३८ | ४३ | ४५ | ४४ |

सर्वेक्षणले नेपालको बजेट पारदर्शिताको अवस्था तुलनात्मक रूपमा कमजोर देखाएको छ। सन् २०१२ कुल १०० अंकमध्ये नेपालले ४४ अंक प्राप्त गरेको थियो । यस आधारमा नेपाल सरकारले नागरिकलाई बजेटसम्बन्धी सूचना केही मात्रामा उपलब्ध गराउने गरेको देखिन्छ भने यसबाट जनताको करको रकम व्यवस्थापनमा सरकारलाई उत्तरदायी बनाउने चुनौती कायाम रहेको पनि देखिन्छ ।

---

[१] आईबीपी २०१२

बजेट पारदर्शिताका आधारहरूमध्ये बजेट दस्तावेजहरूको उपलब्धता र तीनमा रहेका सूचनाको व्यापकताको स्तर र ती सूचनामा नागरिकको पहुँचको अवस्था एक हो । यसरी हेर्दा नेपालमा बजेट दस्तावेजको उपलब्धताको र उपलब्ध दस्तावेजमा समेटिएका सूचनाको व्यापकताका दृष्टिकोणले नेपालले पाएको अंकको विवरण तलको तालिकामा देखाइएको छ ।

| दस्तावेज | २०१२ मा नेपालको अंक | उपलब्धता | नेपालको मूल दस्तावेज |
|---|---|---|---|
| पूर्वबजेट विवरण (Pre-Budget Statement) | ० | निर्माण नै गरिँदैन | - |
| कार्यकारीको बजेट प्रस्ताव (Executive's Budget Proposal) | ५२ | सार्वजनिक हुन्छ | बजेट वक्तव्य र रातो किताब |
| अनुमोदित बजेट (Enacted Budget) | ६७ | सार्वजनिक हुन्छ | रातो किताब र बजेट सम्बन्धी कानुनहरू |
| नागरिक बजेट (Citizens Budget) | ० | निर्माण नै गरिँदैन | - |
| आवधिक प्रतिवेदन (In year Report ) | ४६ | सार्वजनिक हुन्छ | नेपाल राष्ट्र बैंकको त्रैमासिक बुलेटिन |
| मध्यावधी समीक्षा (Mid Year Review) | ७५ | सार्वजनिक हुन्छ | अर्ध वार्षिक समीक्षा, अर्थ मन्त्रालय |
| वार्षिक प्रतिवेदन (Year End Report) | २० | सार्वजनिक हुन्छ | बजेट कार्यान्वयन प्रगति, वार्षिक मूल्यांकन प्रतिवेदन |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | ३८ | सार्वजनिक हुन्छ | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन |

(खुला बजेट सर्वेक्षण २०१२)

नेपालमा सबै बजेट दस्तावेजको Comprehensiveness बढाउनुपर्ने आवश्यकता छ । अझ, हुँदै नभएका वा भए पनि आम नागरिकका लागि समयमा नै सार्वजनिक नगरिएका दस्तावेजको प्रकाशन गरिनु झनै आवश्यक छ । नेपालमा सार्वजनिक जानकारीका लागि प्रकाशन नगरिएका दुईवटा बजेट दस्तावेज, पूर्वबजेट विवरण र नागरिक बजेटको

प्रकाशन गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने आवश्यकता छ ।

बजेट सूचनामा नागरिकको पहुँच विस्तार गरी बजेट पारदर्शिता बढाउन नागरिकका तर्फबाट योगदान पुगोस् भन्ने उद्देश्यले नेपालमा सामाजिक जवाफदेहिताका लागि कार्यक्रम (PRAN) सँगको सहकार्यमा फ्रिडम फोरमले बजेट निर्माण, अनुमोदन, कार्यान्वयन र लेखापरीक्षण तथा निगरानी गर्ने निकायका प्रतिनिधिहरू, विशेषज्ञहरू, पत्रकार र नागरिक संस्थाका प्रतिनिधिका बीचमा दुई चरण बैठक गरी ती बैठकमा प्रस्तुत रायहरूसमेत समावेश गरी नेपाल सरकार, अर्थ मन्त्रालयका लागि सुझावका रूपमा पेस गर्न पूर्वबजेट विवरण र नागरिक बजेटको खाका तयार गरिएको छ ।

# २. परामर्श बैठकमा व्यक्त धारणा र सुझाव

नेपालमा बजेट पारदर्शिता, पूर्वबजेट विवरण र नागरिक बजेटमा केन्द्रित रहेर दुई चरणमा नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, संसद् सचिवालय, महालेखापरीक्षकको कार्यालयलगायतका बजेट प्रक्रियामा संलग्न महत्वपूर्ण सबै निकायका प्रतिनिधिहरू, बजेटका सन्दर्भमा अध्ययन, अनुसन्धान र ओकालत गर्दै आउनुभएका विशेषज्ञहरू, पत्रकार र नागरिक संस्थाका सदस्यहरूका सघन परामर्श गरियो । पहिलो बैठक २०७० आसोज १० गते र दोस्रो बैठक २०७० माघ १९ गते आयोजना गरिएको थियो ।

## २.१. पहिलो परामर्श बैठक

असोज ११ गतेको परामर्श बैठकमा बजेट पारदर्शिता, बजेट सूचनाको उपलब्धता तथा पूर्वबजेट विवरण र नागरिक बजेटबारेमा फ्रिडम फोरमका तर्फबाट प्रस्तुति राखिएको थियो भने सबै सहभागीले यस सन्दर्भका आ-आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा अर्थ मन्त्रालयका बजेट महाशाखा प्रमुखलगायतका सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न निकायका प्रतिनिधिहरूले बजेट प्रक्रियामा नागरिक सहभागिता विस्तारमा गरिएका प्रयासबारे प्रकाश पार्नुभएको थियो । बजेट सूचनामा नागरिकको पहुँच विस्तारमा आ-आफ्नो तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता पनि सबै जाहेर गर्नुभएको थियो ।

पूर्वबजेट विवरणका सन्दर्भमा औपचारिकताका लागि बजेट पेस हुनुभन्दा १५ दिनअघि सरकारका तर्फबाट संसद्को अर्थ र श्रमसम्बन्ध समितिमा बजेटको नीति र प्राथमिकताका बारेको विवरण पेस गर्न सुरु गरिएको भए पनि त्यस्तो विवरण आम नागरिकको जानकारीका लागि सार्वजनिक गर्ने प्रचलन नभएको जानकारी दिइएको थियो । बजेट निर्माणको क्रममा आम नागरिकले सरकारको नीति र प्राथमिकतामाथि टिप्पणी गर्ने, परिमार्जनका लागि राय सुझाव दिने  र त्यसमार्फत बजेट निर्माणमा स्वयं सहभागी हुने अवसर प्राप्त नगरिरहेको बारेमा सबै सहभागीको समान धारणा रह्यो । त्यसैले आगामी आर्थिक वर्षदेखि संसद्मा बजेट प्रस्तुत गर्नुभन्दा कम्तीमा ३० दिनअघि आम नागरिकको जानकारीका लागि पूर्वबजेट विवरण सार्वजनिक गर्नका लागि आ-आफ्नो तर्फबाट पर्याप्त पहल गर्ने प्रतिबद्धता अर्थ मन्त्रालयलगायतका सबै निकायका प्रतिनिधिहरूले व्यक्त गर्नुभएको थियो ।

आम जनताले बुझ्ने भाषामा सरकारका सबै दस्तावेज प्रकाशित गर्नुपर्ने, सबै बजेट दस्तावेजका सूचनामा नागरिकको समान पहुँच हुनुपर्ने जस्ता विषयमा सबै सहभागीको समान धारण रह्यो । नागरिक बजेटको अभ्यास आवश्यक रहेकामा जोड दिँदै सहभागीहरूले नागरिक बजेटको स्वरूप र समेटिने विषयका सन्दर्भका थप जानकारी आवश्यक रहेको र त्यसमा थप छलफल गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

## २.२. दोस्रो परामर्श बैठक

दोस्रो परामर्श बैठक पूर्वबजेट विवरण र नागरिक बजेटको वर्तमान अभ्यास, यी दस्तावेजको आवश्यकता र महत्व, यी दस्तावेजमा समेटिने विषय, स्वरूप र प्रकाशनको समयमा केन्द्रित रहेर सहभागीहरूका बीचमा सघन छलफल गरिएको थियो । अर्थ मन्त्रालयका पूर्वसचिव रामेश्वर खनालले नेपालमा पूर्वबजेट अभ्यास र पूर्वबजेट विवरणबारे प्रस्तुति राख्नुभएको थियो भने फ्रिडम फोरमका तर्फबाट अध्यक्ष तारानाथ दाहालले पूर्वबजेट विवरण र नागरिक बजेट बारेको अन्तर्राष्ट्रिय मापदण्डका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दोस्रो परामर्श बैठकमा सामान्यतया पहिलो बैठकमा सहभागी हुनुभएका व्यक्तिहरूले नै भाग लिनुभएको थियो भने केही थप व्यक्तिहरूको पनि सहभागिता थियो ।

आफ्नो प्रस्तुतिका क्रममा खनालले एक पटक नागरिक बजेटको अभ्यास स्वरूप बजेटका मूल विषय समेटेर विभिन्न भाषामा पुस्तिका प्रकाशन गरिएको तर नागरिक बजेटको अभ्यासका रूपमा त्यसलाई निरन्तरता दिन नसकिएको जानकारी दिनुभएको थियो । उहाँले आफ्नो प्रस्तुतिमा बजेट निर्माणका विभिन्न चरणको कार्यतालिकाबारे जानकारी दिँदै स्रोत प्रक्षेपण र बजेटको सीमा निर्धारण, स्थानीय तहका छलफल तर अर्थमन्त्रीले प्रस्तु गर्ने बजेटको उद्देश्य, सिद्धान्त र प्राथमिकता समेटिएको विवरण संसद्मा प्रस्तुत गर्ने गरी वर्तमान पूर्वबजेटको निर्धारित व्यवस्थाको चर्चा गर्दै यी विषयको कार्यान्वयन पनि समयमा नहुने गरेको धारण व्यक्त गर्नभयो । प्रस्तुतिमा पूर्वबजेट अभ्यासका कमीकमजोरीलाई निम्ननुसार व्यक्त गरिएको थियो ।

- स्रोतको प्रक्षेपण गर्दा राजश्व, बाह्य ऋण तथा अनुदान र आन्तरिक ऋणको प्रक्षेपण गर्ने तर विकासका प्राथमिकताबारेमा केही उल्लेख नगर्ने गरिएको
- राजश्व प्रक्षेपण गर्दा वैज्ञानिक विधिहरूको अवलम्बन नगरी विगतको प्रवृत्ति र स्वबिबेकका आधारमा गर्ने गरिएको ।

- ऋण र अनुदान लिँदा विगतको सम्झौताको निरन्तरता र नयाँ प्रतिबद्धतालाई आधार मान्ने गरिएको तर ऋण र अनुदानमा सञ्चालित परियोजनाको प्रगतिको वास्तविक अवस्था र खर्च गर्ने क्षमतामा ख्याल गर्ने नगरिएको साथै दातासँग विचार पुऱ्याएर छलफल नगरिने गरेको
- आन्तरिक ऋणमा कुल गार्हस्थ उत्पादनको प्रतिशत र खर्चको आधारमा पुनरावलोकनका आधारमा गर्ने गरिएको तर वित्तीय दिगोपना, निजी क्षेत्रबाट लगानी गर्न चाहिने रकम, सापटीका किसिममा खासै ध्यान नदिइने गरेको
- बजेटको सीमा निर्धारण गर्दा चालू र पुँजीगत तथा स्रोतगत वर्गीकरण, चालू खर्चका हकमा विगतको बजेटमा केही वृद्धि, पुँजीगत खर्चका हकमा पनि चालू खर्चकै जस्तो स्वरूपमा सीमाको अभ्यास गर्ने गरिएको तर पूर्वमूल्यांकन, आवश्यकता मूल्यांकन नगरिने, सीमा निर्धारण गर्दा खर्चको मान्यता वा नियमको अनुशरण नगर्ने तथा मध्यावधी समीक्षाबाट प्राप्त नतिजामा ख्याल नगर्ने प्रवृत्ति रहेको
- स्थानीय तहमा हुने बजेट छलफलहरूमा केन्द्रबाट गएका प्रतिनिधिहरूले विषयमा केन्द्रित नरही भाषणहरू गर्ने, कहिलेकाहीँ स्थानीय स्तरका संघसंस्था वा व्यावसायिक संघहरूमार्फत कार्यापत्र पेस हुने गरेको, त्यस्ता छलफल राजश्वमा केन्द्रित हुने गरेको तर, सरकारको नीति र प्राथमिकताबारे बृहत् रूपमा व्यवस्थित छलफल हुने नगरेको
- मन्त्रालयगत रूपमा पनि बजेटको प्राथमिकता प्रस्तुत नगरी सीमाका आधारमा चालू र पुँजीगत खर्चको माग मात्र पेस गर्ने गरिएको

बजेटको सफल कार्यान्वयनका तथा वर्तमान समस्या समाधानका लागि खनालले निम्न सुझाव दिनुभयो ।

- चालू आर्थिक वर्षको पहिलो चौमासिकको अन्त्य (कात्तिक मसान्त) सम्ममा सरकारले आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त र प्राथमिकतासहितको बजेट बारेको सरकारी इच्छा वा पूर्वबजेट विवरण सार्वजनिक गर्नुपर्ने

- मंसिरको पहिलो सातासम्म स्रोतको प्रक्षेपण र बजेटको सीमा निर्धारण गर्नुपर्ने
- फागुनको पहिलो सातामा नै बजेटका प्राथमिकता र सिद्धान्त संसद्मा पेस गर्ने
- चैतको दोस्रो सातामा बजेट पेस गर्ने
- असारको तेस्रो सातासम्म बजेट पारित गरिसक्ने

पूर्वबजेट विवरणमा समेटिनु पर्ने विषय

- अघिल्लो वर्षको बजेट कार्यान्वयनको अवस्था
- मुलुकको बृहत् अर्थशास्त्रीय दृष्टिकोण
- विकासका चुनैती र सम्भावना
- सरकारले स्रोत साधनको परिचालन कसरी गर्छ भन्ने बारेको धारणा
- बजेटको सिद्धान्त र प्राथमिकताको खाका

दोस्रो परामर्श बैठकका सहभागीहरूले रामेश्वर खनालद्वारा प्रस्तुत अवधारणामा सहमत हुँदै पूर्वबजेट नीतिगत परिवर्तन र विद्यमान व्यवस्थाको सफल कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । अर्थ मन्त्रालयका अधिकारीहरूले वित्तीय जवाफदेहितासम्बन्धी विधेयकको मस्यौदा भइरहेको सन्दर्भमा पूर्वबजेट विवरण र नागरिक बजेटको छलफल महत्वपूर्ण भएको बताउनुभयो । सहभागीहरूले नेपालको बजेट प्रक्रिया र पूर्वबजेट अभ्यासमा सुधार र बजेट प्रक्रियामा नागरिक सहभागिता बढाउनका लागि निम्न कुराहरूमा जोड दिनुभएको थियो ।

- करका दरहरूबाहेक बजेटका सूचनालाई गोप्य राख्न नहुने
- राजश्व र खर्चको सिद्धान्त तय गर्न, अवसर र चुनौती एकिन गर्न, परियोजना बैंक निर्माण गर्न र राज्य स्रोतको अधिकतम उपयोग गर्नकाका लागि बलियो अध्ययन एकाइ आवश्यक पर्छ । त्यसका लागि संसद् वा सरकारअन्तर्गत रहने विशेषज्ञ रहेको स्वतन्त्र अध्ययन एकाइ गठन हुनुपर्ने वा त्यसका लागि विश्वविद्यालयलाई जिम्मा दिने प्रबन्ध गर्नुपर्ने

- बजेट सूचना सार्वजनिक गर्दा जसले जसरी बुझ्न सक्छ त्यही किसिमले प्रकाशन वा प्रसारण गर्नुपर्ने
- बजेट निर्माण र कार्यान्वयनमा सहभागिता विस्तार गर्नका लागि कानुनी प्रबन्ध गर्नुपर्ने ।
- बजेट प्रक्रियामा संलग्न निकाय तथा पदाधिकारीहरूको जिम्मेवारी र अधिकार ताकिएको, बजेटको तालिका एकिन भएका, र बजेटको सफल कार्यान्वयन गर्नसक्ने निकाय र पदाधिकारीको पुरस्कारको उचित प्रबन्ध गरिनुपर्ने प्रावधानसहितको बजेट ऐन जारी गर्ने
- पूर्वबजेट विवरण, बजेट पारदर्शिता र बजेट प्रक्रियामा नागरिक सहभागिता जस्ता विषयलाई कानुनमा नै उल्लेख गर्नुपर्ने ।
- अहिले नै व्यवस्था भएका कानुनी, नीतिगत र अन्य व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने

फ्रिडम फोरमले छलफलका लागि प्रस्तुत गरेको अवधारणापत्र, दुवै चरणका परामर्श बैठकबाट प्राप्त धारणा र अन्तर्राष्ट्रिय मापदण्डसमेतका आधारमा नेपालका प्रस्तावित लागि पूर्वबजेट विवरण र नागरिक बजेटको परिचय, महत्व र खाका तल प्रस्तुत गरिएको छ ।

## २. पूर्वबजेट विवरण (Pre-budget Statement)

नेपालको सन्दर्भमा अर्थमन्त्रीले संसद्मा पेस गर्ने बजेट वक्तव्य र सम्बन्धित विवरणहरूलाई कार्यकारीको बजेट प्रस्ताव भन्ने बुझिन्छ। पूर्वबजेट विवरण कार्यकारीको बजेट प्रस्ताव तयार हुनुअघि प्रकाशन गरिने दस्तावेज हो, जसले सरकारको नीति र प्राथमिकता तथा बजेटको अन्तरसम्बन्धबारे जानकारी दिनुका साथै संसद्मा प्रस्तुत हुने बजेट प्रस्तावलाई परिभाषित गर्ने विस्तृत आधार प्रदान गर्छ।

### २.१. पूर्वबजेट विवरण के हो ?

- आगामी आर्थिक वर्षको बजेटबारे सरकारी चाहना वा आगामी आर्थिक वर्षको बजेटबारेको सरकारको प्रारम्भिक सोचाइ
- सरकारको वित्तीय रणनीतिपत्र वा बजेट रणनीति पत्र
- आगामी वर्षका लागि सरकारको बजेट नीति र प्राथमिकता झल्काउने दस्तावेज
- बजेटमा आमजनताको अपेक्षा र भावना समेट्न र बजेट तयार नहुँदै सरकारको मूल बजेट नीति र प्राथमिकतामा अर्थपूर्ण बहस चलाउन सरकारले नागरिकको जानकारीका लागि प्रकाशन गर्ने दस्तावेज
- बजेट निर्माणको व्यापक प्रक्रियाको थालनिकै क्रममा वा प्रक्रिया चलिरहँदा सरकारले संसद् र आमजनताबाट राय सुझाव प्राप्त गर्नका लागि सरकारले नै तयार गर्ने विषय
- आमजनतामा बजेटबाट सरकार र जनतामाथि उपयुक्त अपेक्षा निर्माण गर्न सघाउने सरकारी दस्तावेज
- सरकारको नीति र बजेट विनियोजनाका बीचको सामान्जस्य कायम गर्न र त्यस्तो भए वा नभएको परीक्षण गर्न सघाउने विषयवस्तु

- बजेट निर्माणको अन्तिम घडीमा बजेट विनियोजनमा अर्थ मन्त्रालय, सरकार प्रमुख र अन्य बहुँचवालाहरूको मनोमानी रोक्न सघाउने दस्तावेज
- बजेटका सीमाहरूमाथि संसदीय समिति र मन्त्रालयहरूमा हुने छलफललाई यथार्थपरक बनाउन सघाउने उपकरण
- औपचारिक रूपमा बजेट प्रस्ताव पेस हुनुअघिसम्म गर्नुपर्ने फेरबदलका लागि सघाउने वा मार्गदर्शन गर्ने दस्तावेज

## २.२. पूर्वबजेट विवरणका विशेषता

- पूर्वबजेट विवरण आफैंमा बजेट नभई बजेट निर्माणका सन्दर्भमा सरकारको दृष्टिकोण हो ।
- पूर्वबजेट विवरणले सरकारलाई आगामी वर्षको बजेट निर्माणका सिद्धान्त उपलब्ध गराउँछ ।
- यसले आम नागरिकलाई आफ्नो तर्फबाट सरकारको दृष्टिकोण र प्राथमिकतामाथि टिप्पणी र पृष्ठपोषण उपलब्ध गराउन सघाउनु पर्छ ।
- पूर्वबजेटका सबै कुरा कार्यकारीको बजेट प्रस्तावमा आउँछ वा आउनुपर्छ भन्ने छैन ।
- पूर्वबजेट विवरणमाथिको टिप्पणी र पृष्ठपोषण, पहिचान भएका कमीकमजोरी, आन्तरिक र वाह्य आर्थिक वातावरण र अर्थतन्त्रका परिसूचकहरूमा देखापरेका परिवर्तन, सरकार दृष्टिकोणमा भएका तथ्यसंगत परिवर्तन जस्ता विषयलाई बजेट प्रस्तावमा समेट्नबाट पूर्वबजेट विवरणले रोक्दैन ।

## २.३.पूर्वबजेट विवरणमा समावेश हुने सामग्री

- विगत वर्षहरूको बजेट कार्यान्वयन गर्दाका सरकारी अनुभव र सामना गर्नुपरेको चुनौती
- समष्टिगत आर्थिक अवस्थाको आधारमा तथ्य र प्रमाणसहितको सरकारी दृष्टिकोण सूचकहरूमाथिको अनुमान (उत्पादन वृद्धि, कुल

गार्हस्थ उत्पादनको संरचना र वृद्धि, रोजगारी, मूल्य, चालू खाता र ब्याजदर)

- कम्तीमा दुई वर्षसम्मको दीर्घकालीन आर्थिक तथा वित्तीय नीति उद्देश्य र आगामी बजेटमा सरकारको आर्थिक तथा वित्तीय नीति (राजश्व, ऋण, सरकारी खर्च, घाटा बजेट वा धनात्मक बजेट इत्यादि) सम्बन्धी सरकारको मनसाय (ओईसीडी)
- विगत वर्षको समीक्षा, चालू आर्थिक वर्षको हालसम्मको प्रगति समेतको सामान्य जानकारी तथा आगामी वर्षका लागि क्षेत्रगत नीति तथा रणनीतिहरू
- कर र राजश्वका अपेक्षा (दरहरूबाहेक) र विगतको राजश्व संकलनको वास्तविक अवस्था
- नयाँ नीतिगत कार्यक्रमहरूको बेग्दै व्याख्या र त्यसले बजेटको स्वरूपमा पार्ने मध्यकालीन र दीर्घकालीन असरबारेमा विस्तृत व्याख्या
- सरकारले अवलम्बन गर्दै आएको राजश्व नीति तथा कार्यक्रम र राजश्व संरचनाको समीक्षा

## २.४. प्रकाशनको समय

- बजेट निर्माणको सुरुवातमा नै प्रकाशन गर्नु सबैभन्दा राम्रो (आ.व. को चौथो वा पाँचौं महिना)
- चालू वर्षको मध्यावधि समीक्षासँगै प्रकाशन गर्न पनि सकिन्छ
- कार्यकारीको बजेट प्रस्ताव पेस हुनुभन्दा कम्तीमा ३० दिन अघिसम्ममा चाहिँ प्रकाशन गर्नैपर्छ, अन्यथा, त्यसले पूर्वबजेटको औपचारिकता पूरा गरे पनि त्यसबाट मुलुकले गर्ने अपेक्षामा योगदान पुग्दैन ।
- नेपालको सन्दर्भमा चैत महिनामा बजेट प्रस्तुत गर्ने गरी बजेटको कार्यतालिका निर्माण गर्नुपर्ने आवश्यकता महसुस भएकाले कम्तीमा दुई महिना संसद र आमनागरिकलाई छलफलको समय हुने गरी माघ महिनासम्म पूर्वबजेट विवरण तयार गरी सार्वजनिक गर्न आवश्यक छ ।

## २.५. नेपालको केही अनुभव

- मध्यकालीन खर्च संरचना पूर्वबजेट होइन यो बजेटका अंकहरूको प्रक्षेपण मात्र हो । बजेटका नीति र रणनीतिको व्याख्या बिनाको मध्यकालीन खर्च संरचनाको अभ्यास भए पनि त्यो औपचारिकतामा नै सीमित छ ।
- स्थानीय स्तर र व्यावसायिक संगठनहरूसँग हुने छलफल भन्सार, अन्तःशुल्क वा मूल्य अभिवृद्धि करजस्ता व्यावसायिकमा बढी चासो रहने विषयमा केन्द्रित हुने गरेको छ ।
- मध्यकालीन बजेटरी संरचनाका बारेका छलफल सुरु भएको भए पनि त्यसले आगामी पहिलो आर्थिक वर्षको बजेटका सन्दर्भमा थप व्याख्यासहितको बेग्लै खण्ड नसमेट्ने हो भने त्यसले पनि पूर्वबजेट विवरणको अभाव पूर्ति गर्दैन भलै त्यो आफैंमा सकारात्मक कुरा हो ।
- नेपालमा पूर्वबजेट छलफलको अभ्यास सुरु भएको छ तर सरकारको नीतिगत दस्तावेजमा नरही हुने त्यस्ता छलफलले सरकार को आगामी बजेटका बारेमा विचार निर्माण गर्ने र तथ्यपूर्ण पृष्ठपो षण दिने वास्तविक अवसर आमनागरिकले पाएका छैनन् । यस्तो छलफल पूर्वबजेट विवरणमा आधारित भएर गरे आमनागरिकले बजेट निर्माणको क्रममा सहभागी हुन पाएको महसुस गर्ने थिए ।
- संसद् भएको समयमा बजेट प्रस्तुत हुनुभन्दा केही दिन (करिब एक साता) अघि सरकारले राष्ट्र प्रमुखमार्फत संसद्मा आफ्नो वार्षिक नीति तथा कार्यक्रम पेस गर्ने चलन छ । तर, यो पूर्वबजेट विवरण होइन ।
- कहिलेकाहीँ संसद्मा बजेट कार्यकारीको बजेट प्रस्ताव पेस हुनुभन्दा १५ दिन अगावै पूर्वबजेट विवरण पेस गर्ने पनि गरिएको छ । आम नागरिकको जानकारीका लागि प्रकाशन पनि नहुने र संसद्ले छलफल गर्ने समय पनि नपाउने नपाउने गरी पेस हुने त्यस्तो विवरणको बजेट पारदर्शिताको कसीमा खासै अर्थ रहँदैन ।
- आर्थिक वर्ष ०६०/६१ मा विभिन्न भाषामा सरकारी बजेटसम्बन्धी जानकारी समेटिएको पुस्तिका प्रकाशन गरिएको अनुभव अर्थ मन्त्रालयको छ । नागरिक बजेट बजेटको सारांश नभई सरकारी

बजेटअन्तर्गत नागरिकले थाहा पाउनै पर्ने विषयको सरल प्रस्तुति हो । अर्थ मन्त्रालयको उक्त प्रकाशनले नागरिक बजेटको मापदण्ड पूरा नगरेको भए पनि यस्ता प्रकाशनले नागरिकलाई केन्द्रीय बजेटसँग जोड्न सघाउँछ ।

## २.६. पूर्वबजेटका सन्दर्भमा नेपाल सरकारलाई सुझाव

नेपालमा बजेट पारदर्शिता प्रवर्द्धन र बजेट प्रक्रियामा नागरिक सहभागिता विस्तारका लागि सरकारले पूर्वबजेट अभ्यासका सन्दर्भमा निम्न कार्य गर्नु आवश्यक छ ।

- पूर्वबजेट अभ्यासलाई अर्थपूर्ण बनाउन अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने खालको पूर्वबजेट विवरण तयार गरी प्रकाशन गर्ने
- यस्तो विवरण सकेसम्म बजेट निर्माणको प्रक्रिया सुरु हुने बेला अर्थात् कात्तिक महिनामा नै तयार गरी आमनागरिकको पहुँचमा पुग्ने गरी सार्वजनिक गर्ने र यही दस्तावेजमा रहेर संसदीय समितिलाई पनि बजेट निर्माणको अवधिभर बजेट बहसमा सहभागी गराउने
- सकेसम्म बजेटको सीमासँगै पूर्वबजेट विवरण सम्बन्धित मन्त्रालयहरूमा पठाउने र कार्यालय तहदेखि नै बजेट निर्माण प्रक्रियामा सरोकार वालाहरूको सहभागिताका लागि पूर्वबजेट छलफल गर्ने
- संसद्मा कार्यकारीको बजेट प्रस्ताव पेस गर्दा पूर्वबजेट विवरणमाथिको टिप्पणी, पृष्ठपोषण र पूर्वबजेट छलफलमा आएका सुझावलाई समेट्ने व्यवस्था गर्ने
- बजेट ऐन वा वित्तीय पारदर्शितासम्बन्धी ऐन निर्माण गर्ने, जसमा पूर्वबजेट विवरणको प्रकाशनलगायत बजेटका मुख्य दस्तावेज प्रकाशन गर्ने विषय तथा समयसीमा पनि तोक्ने
- पूर्वबजेटलाई राष्ट्रिय प्राथमिकताका आयोजना छनोट र आयोजना बैंक निर्माणको विषयसँग जोड्न प्रयास गर्ने जसले गर्दा बजेट निर्माणका क्रममा दात्री संस्था तथा वाहृय लगानीकर्ताहरूको पनि ध्यानाकर्षण गराउने

# ३. नागरिक बजेट
# (Citizens Budget)

यो सरकारी बजेटको सरल प्रस्तुति हो, जसमा सरकारको नीतिगत उद्देश्य हासिल गर्नका लागि राजश्व परिचालन र सार्वजनिक कोषको खर्च गर्ने सरकारका योजनालाई सर्वसाधारणले बुझ्ने गरी प्रस्तुत गरिएको हुन्छ । नागरिक बजेट सरकारले नै प्रकाशन गर्छ । नेपालको सन्दर्भमा यो दायित्व नेपाल सरकार, अर्थ मन्त्रालयको हो । त्यस अतिरिक्त विभिन्न मन्त्रालयहरूले आ-आफ्नो मन्त्रालयको बजेटलाई नागरिकले बुझ्ने किसिमले प्रकाशन गर्ने अभ्यास गर्दा बजेट प्रक्रियामा नागरिक सहभागिता विस्तारमा थप योगदान पुग्न सक्छ ।

## ३.१. नागरिक बजेट के हो ?

- सरकारको केन्द्रीय बजेटबारे बुझ्न सकून् भन्नका लागि सरल किसिमले प्रस्तुत गरिएको कार्यकारीको बजेट प्रस्तावको अत्यन्त सरल बजेट सूचनाको दस्तावेज
- बजेट सूचनाप्रति आम जनताको रुचि र चासो बढाउन गरिने बजेटको अप्राविधिक प्रस्तुति
- जनतालाई बजेट बुझाउन र बजेटको व्यवस्थाबारे सरकारसँग प्रश्न सोध्न सक्ने बनाउन सरकारले नै प्रकाशन गर्ने बजेटको सरल प्रस्तुति
- बजेटका महत्वपूर्ण जानकारीहरूको सरल व्याख्या गरिएको बजेट दस्तावेज
- आम जनतामा बजेट साक्षरता बढाउन सरकारलाई सघाउने औजार
- बजेटसम्बन्धी थप जानकारी लिन चाहनेहरूका लागि प्रवेशद्वारको काम गर्ने बजेट दस्तावेज
- नागरिकलाई जिम्मेवार बनाउने, बजेट प्रक्रियामा उनीहरूलाई सहभागी गराउने, बजेटमाथि उनीहरूको स्वामित्व बढाउने र नागरिक निगरानी बढाउन सघाउने उपकरण
- नागरिकलाई सरकारले गरिरहेका कामका बारेमा जानकारी दिई सरकारी मामिलाहरूमा सहभागी गराउन उनीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले निर्माण गरिने बजेट प्रस्तावको नागरिक संस्करण
- सामूहिक जवाफदेहीता प्रवर्द्धन गर्ने माध्यम
- जनताको अपेक्षा र राज्यको यथार्थका बीचमा सामन्जस्य ल्याउन सघाउने माध्यम
- सरकारका लागि आम जनतासामु आफू जवाफदेही रहेको पुष्टि गर्ने र जनसमर्थन र वैधता प्राप्त गर्न सघाउने साधन
- बजेट दस्तावेज सार्वजनिक सम्पत्ति हुन् । नागरिक बजेट सर्वसाधारणले त्यस्ता सार्वजनिक सम्पत्ति सबै बजेट दस्तावेजको अध्ययन र उपयोग गर्न प्रेरित गर्ने तथा सघाउने अर्को सार्वजनिक सम्पत्ति हो ।

## ३.२.नागरिक बजेटको विशेषता

- नागरिक बजेट नागरिकलाई सरकारी बजेटको बारेका साक्षर बनाउन सरकारले नै तयार पार्ने दस्तावेज हो । अन्य कसैले प्रकाशन गर्ने बजेट पुस्तक वा पुस्तिकालाई नागरिक बजेट भन्न मिल्दैन ।
- यो मुख्य बजेट दस्तावेजको विकल्प होइन बरु त्यस्ता दस्तावेजमा प्रवेश गर्न चाहनेहरूका लागि प्रवेशद्वार हो ।
- नागरिक बजेट प्रकाशन गर्दा नागरिकको आवश्यकता पहिचान गरी नागरिकहरूसँग कै परामर्शमा तयार पारिएको हुनुपर्छ
- यसमा बजेटका बारेमा महत्वपूर्ण र आवश्यक जानकारी समेटिएको हुनुपर्छ
- मुलुकको कम्तीमा आधिकारिक भाषामा उत्पादन गरिनुपर्छ । नेपालको सन्दर्भमा नेपाली बाहेकका भाषामा पनि प्रकाशन गर्न सके राम्रो ।
- नागरिक बजेटलाई व्यापक रूपमा प्रचार-प्रसार गरिनु अवाश्यक हुन्छ । नेपालको सन्दर्भमा रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल आदि प्रचारका माध्यम हुनसक्छन् ।
- प्रकाशनको माध्यम पनि फरक हुनसक्छ । जस्तै, अडियो, भिडियो, छापा ।
- नागरिकको आवश्यकताबमोजिम आवश्यक संख्यामा ग्राफ, चार्ट वा चित्रहरू पनि समावेश गर्नुपर्ने हुनसक्छ ।
- नागरिक बजेट हजार वा लाखमा उल्लेख भएका अंकहरूको संगालो होइन । यसले अंकहरूले भरिएका दस्तावेजमा छिर्न नागरिकलाई उत्प्रेरितचाहिँ गर्नुपर्छ ।

## ३.३.समावेश हुने सामग्री

- नागरिक बजेट प्रकाशन गर्नुपर्नाको कारणबारे सरकारको धारणा
- बजेटमा अन्तर्निहीत आर्थिक अनुमान
  - आर्थिक वृद्धि, मुद्रास्फीती, राजस्व, घाटा बजेट पूर्तिको माध्यम आदि
- बजेट निर्माण प्रक्रिया
  - बजेट निर्माणका चरण, संलग्न निकाय, नागरिक सहभागिताको कानुनी र नीतिगत व्यवस्था, हरेक चरणहरूको समय सीमा आदि

- राजश्व संकलन
  - राजश्वका स्रोत, ऋण, अनुदान (मुख्य स्रोतको विशेष चर्चासहित)
- बजेट विनियोजन र खर्चका प्राथमिकताहरू
  - विनियोजन र प्राथमिकताको औचित्यमाथि पनि प्रकाश पार्ने
  - सबै क्षेत्रका लागि छुट्याइएको कुल बजेट
  - हरेक क्षेत्रको स्रोत, पुँजीगत वा विकास खर्च र चालू खर्च
  - सकेसम्म संख्याहरू कम राख्ने, अक्षरमा राख्ने र पढ्न र बुझ्न सक्ने गरी राख्ने ।
- क्षेत्र विशेष जानकारी तथा लक्षित कार्यक्रमका बारेमा जानकारी,
  - नागरिकको बढी चासो रहेका कार्यक्रमहरूका बारेमा सूक्ष्मरूपमा चर्चा गर्ने ।
  - बालबालिका भएका अभिभावक वा विद्यार्थी स्वयंका लागि छात्रवृत्तिको जानकारी महत्वपूर्ण हुनसक्छ ।
  - निवृत्तिभरण वा सामाजिक सुरक्षा भत्ताहरूका बारेमा चासो भएका समुदाय बेग्लै हुनसक्छन् ।
  - यस्ता कार्यक्रमहरूमा सेवा पाउनेहरूको संख्या र विवरण पनि उल्लेख हुनुपर्छ ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा राजश्व र खर्चमा भएको उल्लेख्य परिवर्तन
  - राजश्व निकै बढ्ने अपेक्षा भए त्यसको आधार
  - नयाँ कार्यक्रम र त्यस्तो कार्यक्रम राखिनुको कारण
  - त्यसको जनजीवनमा अपेक्षित प्रभाव
- नागरिकबाट गरिने फलोअपका लागि सम्पर्क जानकारी
  - नागरिकलाई थप जानकारी खोज्न उत्प्रेरित गर्ने विषयवस्तु
  - बढी बुझ्न खोज्नेहरूका लागि थप सूचनाको स्रोत
  - थप बजेट सूचना उपलब्ध हुने निकायहरू

## ३.४. प्रकाशनको समय

- कार्यकारीको बजेट प्रस्तावसँगै यसको प्रकाशन गर्नुपर्छ ।
- संसद्मा हुने बजेटमाथिको बहसमा आम नागरिकको परोक्ष सहभागिता हासिल गर्न पर्याप्त समय उपलब्ध हुने गरी प्रकाशन गर्नुपर्छ ।
- संसद्ले बजेट पारित गर्दा कार्यकारीको बजेट प्रस्तावमा हेरफेर भएको छ भने त्यसको नागरिक बजेट संस्करण बजेट पारित भएसँगै प्रकाशन गरिनुपर्छ ।
- नेपालको सन्दर्भमा हरेक सांसदले नागरिक बजेट लिएर आफ्नो निर्वाचन क्षेत्रका जनतासम्म पुग्ने र उनीहरूको सुझावका आधारमा बजेटको दफावार छलफलमा सहभागी हुनेसम्मको समय हुने गरी नागरिक बजेट प्रकाशन गर्नुपर्छ । तीन महिना बजेट छलफल हुने अवस्थामा पहिलो महिना हरेक सांसदले जनतासँग प्रत्यक्ष रूपमा छलफल गर्न पाउने समय उपलब्ध हुने गरी नागरिक बजेट प्रकाशन गर्नु आवश्यक छ ।

## ३.५. नेपालको अनुभव

- नेपालमा नागरिकको जानकारीका लागि बजेट तर्जुमा दिग्दर्शन, अर्थमन्त्रीको बजेट वक्तव्यलगायत केही महत्वपूर्ण दस्तावेजहरूको प्रकाशन तथा बजेटका मुख्य विशेषता भनी सार्वजनिक सञ्चार माध्यमहरू गरिने प्रकाशन वा प्रसारण गर्ने प्रचलन छ । तर, नागरिक बजेट भने निर्माण र प्रकाशन हुने गरेको छैन ।
- नेपालमा जनप्रतिनिधिहरू (सांसद) पनि बजेट बुझ्न अप्ठ्यारो हुने गरे को अवस्था छ । नागरिक बजेट भई दिएको भए बजेट बहस अर्थपूर्ण बन्न सक्थ्यो ।
- बजेट पारदर्शिताको बहससँगै 'नागरिक बजेट' शब्दको कतै-कतै प्रयोग हुन थालेको छ
- प्रचारका लागि सरकार बाहिरको संस्थाले प्रकाशन गर्ने बजेट पुस्तिकालाई नागरिक बजेट भनिएको भए यो गलत अर्थ हो ।
- बजेटको लगत्तै वा अर्को दिन अर्थमन्त्रीले प्रेस सम्मेलन गरी मिडियालाई

जानकारी दिने गरेको छ । तर, यो पनि नागरिक बजेटको अभ्यास होइन ।

- बजेट निर्माण नागरिकहरूको उनीहरूको माग र मतका आधारमा गरिन्छ भने त्यसलाई सहभागितामूलक बजेट निर्माण वा पार्टिसिपेटरी बजेटिङ भनिन्छ । नेपालमा त्यसलाई नागरिक बजेटको समअर्थिका कहिंकतै व्यक्त भएको छ । त्यो सही होइन ।

## ३.६. सुझाव

- सरकारले आगामी बजेटसँगै नागरिक बजेट प्रकाशन गर्न सुरु गर्नु उपयुक्त हुन्छ
- बजेटको निर्माणसँगै रातो किताबमा उल्लेखित सरलीकरण गर्दा समय र लागतको हिसाबले पनि यो कठिन छैन ।
- बजेटमाथि छलफल गर्ने भनेका अर्थशास्त्री र उद्योगी/व्यापारी मात्रै हुन् भन्ने मानसिकताबाट बाहिर आउन र बजेटमाथि आम नागरिकमा चासो बढाइ बजेट सूचनाको उपयोगको क्षेत्र विस्तारका लागि नागरिक बजेट प्रकाशन गर्नु निकै आवश्यक छ ।
- नेपालमा नागरिक बजेटले विधायकको सहयोगी सामग्रीको रूपमा पनि काम गर्न सक्छ । त्यसैले बजेटसँगै नागरिक बजेटलाई सबै सांसदमार्फत जनस्तरसम्म पुऱ्याउनु आवश्यक हुन्छ ।
- नागरिक बजेट गाविस, विद्यालयजस्ता सरकारको तल्लो एकाइ तथा सञ्चार माध्यमसम्म पुऱ्याउन सकेमा नागरिकको पहुँच र सहभागितामा उल्लेख्य वृद्धि हुनुका साथै बजेटमाथि नागरिक निगरानी सुरु हुन्छ ।
- नागरिक बजेटका क्षेत्रगत वा विषयत रूपमा पनि आवश्यकताअनुसार फरक-फरक भाषामा नागरिक बजेटका थप संस्करणहरू पनि तयार गर्न सकिन्छ ।
- नागरिक बजेटले जनप्रतिनिधि नभएको अवस्थामा पनि सरकार माथिको एक तहको नागरिक नियन्त्रण कायाम गर्नमा सहयोग गर्छ भने जनप्रतिनिधिहरूको क्षमता वृद्धिमा पनि सघाउँछ ।

## ३.७. नागरिक बजेटमा सूचना प्रस्तुत गर्ने तरिका (उदाहरणसहित)


जनताको शिक्षाको स्तर, उनीहरूको भाषा र संस्कृति, बजेट साक्षरताको अवस्थाजस्ता विषयले नागरिकलाई कस्तो किसिमको सूचना चाहिने हो पहिचान गर्नुपर्छ। सामान्यतया अंकहरूभन्दा अक्षरहरू, चित्र र तथा ग्राफमा गरिएको प्रस्तुति बुझ्न सजिलो हुनसक्छ। कतिपयलाई अडियोबाट सुन्दा बढी सरल लाग्न सक्छ । यी सबै कुरा विचार गरेर नागरिक बजेटका एकभन्दा बढी किसिमका अभ्यास पनि सरकारले गर्न सक्छ।

आर्थिक वर्ष २०७०/७१ को नेपाल सरकारको बजेटका केही सूचनालाई तल सरल किसिमले प्रस्तुत गर्ने प्रयास गरिएको छ।

**तालिका नं १ : बजेटको क्षेत्रगत विनियोजन**


| क्षेत्र[1] | बजेट रकम (रु.) | क्षेत्रगत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| सामान्य सार्वजनिक सेवा | १ खर्ब ४० अर्ब ७३ करोड १९ लाख | २७.२१ |
| रक्षा | २९ अर्ब ३० करोड ३३ लाख | ५.६७ |
| सार्वजनिक शान्ति सुरक्षा | ४४ अर्ब ७१ करोड ५ लाख | ८.६४ |
| आर्थिक मामिला | १ खर्ब ४२ अर्ब ६७ करोड ६९ लाख | २७.५८ |
| वातावरण संरक्षण | ७ अर्ब ७९ करोड ३१ लाख | १.५१ |
| आवास र तथा सामुदायिक सविधा | १७ अर्ब ९८ करोड ६५ लाख ६२ हजार | ३.४८ |
| स्वास्थ्य | ३३ अर्ब ६९ करोड ९७ लाख | ६.५२ |
| मनोरञ्जन, संस्कृति तथा धर्म | ३ अर्ब २८ करोड ५४ लाख | ०.६४ |
| शिक्षा | ८० अर्ब ९५ करोड ८० लाख | १५.६५ |
| सामाजिक सुरक्षा | १६ अर्ब ९ करोड ४१ लाख | ३.११ |
| | **१ खर्ब ४० अर्ब ७३ करोड १९ लाख** | **१००.००** |

[1] नागरिक बजेटमा सबै क्षेत्रका बारेमा व्याख्या आवश्यक हुन्छ।




## २. बजेटमा राजश्व, वैदेशिक अनुदान र ऋणको हिस्सा

| स्रोत | रकम (रु) |
|---|---|
| राजश्व | ३ खर्ब ५४ अर्ब ५० करोड |
| वैदेशिक अनुदान | ६९ अर्ब ५३ करोड ६१ लाख |
| वैदेशिक ऋण | ४३ अर्ब ७० करोड ३८ लाख |
| ऋणको सावाँ असुली | ५ अर्ब ५० करोड |
| आन्तरिक सापटी | ४४ अर्ब |
| **कुल प्रस्तावित बजेट** | **५ खर्ब १७ अर्ब २४ करोड** |



## ३. बजेटमा चालू र पुँजीगत खर्चको हिस्सा

| खर्चको किसिम | रकम (रु) | हिस्सा |
|---|---|---|
| चालू खर्च | ३ खर्ब ५३ अर्ब ४१ करोड ७४ लाख | ६८.३३ प्रतिशत |
| पुँजीगत खर्च | ८५ अर्ब ९ करोड ९७ लाख | १६.४५ प्रतिशत |
| वित्तीय व्यवस्था | ७८ अर्ब ७२ करोड २७ लाख | १५.२२ प्रतिशत |
| कुल प्रस्तावित बजेट | ५ खर्ब १७ अर्ब २४ करोड | |

### व्याख्या

- चालू खर्च भनेको तलब, भत्ता, पानी, बिजुली,ज्याला, मर्मत सम्भार जस्ता खर्च भएर जार्ने किसिमको खर्च हो ।
- पुँजीगत खर्च भनेको राज्यको सम्पत्ति निर्माणमा हुने खर्च हो, जसले एक वर्षभन्दा बढी समयसम्म लाभ दिइरहन्छ । जस्तै, सडक निर्माण, उपकरणहरू खरिद आदि
- वित्तीय व्यवस्था भनेको सरकारले विभिन्न स्रोतबाट उठाएको ऋण तिर्नका गर्ने खर्च हो ।

## ४. आर्थिक वर्ष २०७०/७१ मा शिक्षा क्षेत्रको बजेटको सरल प्रस्तुति

### तालिका १ : शिक्षाका विभिन्न शीर्षकहरूमा भएको बजेट विनियोजन

| शिक्षाका उपक्षेत्रहरू[२] | रकम (रु.) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| पूर्व तथा प्राथमिक शिक्षा | २६ अर्ब ४१ करोड | ३२.६२ |
| माध्यमिक शिक्षा | १३ अर्ब पचास करोड | १६.६८ |
| तहमा वर्गीकरण नहुने शिक्षा | २६ अर्ब १६ करोड ५३ लाख | ३२.३२ |

[2] नागरिक बजेटमा शीर्षकहरूको अर्थ वा व्याख्या आवश्यक हुन्छ

| | | |
|---|---|---|
| शिक्षाका सहायक सेवाहरू | १३ अर्ब ८२ करोड ४२ लाख | १७.०८ |
| शिक्षाका अन्य अन्य खर्च | १ अर्ब ५ करोड ३० लाख | १.३० |
| **जम्मा** | **८० अर्ब ९५ करोड ८० लाख** | **१००** |

**(स्रोत: रातो किताब, अर्थ मन्त्रालय, बजेटको सेवा कार्यगत वर्गीकरण)**

### तालिका २ : शिक्षामा चालू र पुँजीगत खर्चको हिस्सा

| खर्चको किसिम | रकम (रु.) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| चालू खर्च | ८० अर्ब ७४ करोड ५० लाख | ९९.७४ |
| पुँजीगत खर्च | २१ करोड ३० लाख | ०.२६ |

### तालिका ३ : शिक्षा बजेटको स्रोतहरूको हिस्सा

| स्रोतहरू | हिस्सा (प्रतिशतमा) |
|---|---|
| नेपाल सरकार | ७७.८४ |
| वैदेशिक अनुदान | २१.५७ |
| वैदेशिक ऋण | ०.५९ |

**व्याख्या**

- नेपाल सरकारको स्रोत भन्नाले आन्तरिक राजश्व तथा आन्तरिक रूपमा उठाउने ऋण पर्छन्
- वैदेशिक अनुदान भनेको दात्री मुलुक वा संस्थाले फिर्ता गर्न नपर्ने गरी नेपाल सरकारलाई दिने सहयोग हो
- वैदेशिक ऋण भनेको सावाँ र व्याज तिर्नंपर्ने परि नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक सहयोग हो ।

# फ्रिडम फोरमले आयोजना गरेको पूर्वबजेट विवरण र नागरिक बजेटसम्बन्धी परामर्श बैठकका सहभागीहरूको नामावली

| सिं नं | सहभागीको नाम | पहिलो बैठक | दोस्रो बैठक |
|---|---|---|---|
| १. | पवित्रा राणा, ओपन नेपाल | √ | |
| २. | सुमन हुमागाईं, योङ इनोभेसन | √ | |
| ३. | विवेक भुसाल, योङ इनोभेसन | √ | |
| ४. | सोमनाथ लामिछाने, राष्ट्रिय समाचार समिति | √ | |
| ५. | ईश्वरी सुवेदी, राजधानी दैनिक | √ | |
| ६. | भरतप्रसाद भट्ट, PEX | √ | |
| ७. | सोमबहादुर थापा, सहसचिव, संसद सचिवालय | √ | |
| ८. | बैकुण्ठ अर्याल, बजेट महाशाखा प्रमुख, अर्थ मन्त्रालय | √ | √ |
| ९. | केशव आचार्य, अर्थविद् | √ | √ |
| १०. | दीपेन्द्रबहादुु क्षेत्री, अर्थविद् | √ | |
| ११. | निर्मलहरि अधिकारी, उपसचिव, अर्थ मन्त्रालय | √ | √ |
| १२. | कृष्णहरि खड्का, सहसचिव, संसद् सचिवालय | √ | |
| १३. | राममायाँ कुँवर, महालेखा परीक्षकको कार्यालय | √ | |
| १४. | विश्वनाथ रेग्मी, महालेखा परीक्षकको कार्यालय | √ | |
| १५. | गोपीनाथ मैनाली, सहसचिव, राष्ट्रिय योजना आयोग | √ | √ |
| १६. | श्यामप्रासाद भट्टराई, उपसचिव, राष्ट्रिय योजना आयोग | √ | √ |
| १७. | नीलु थापा, सावती | √ | |
| १८. | एकराज पाठक, राष्ट्रिय समाचार समिति | √ | |
| १९. | हरिविनोद अधिकारी, फ्रिडम फोरम, थापाथली | √ | √ |
| २०. | कुवेर चालिसे, पत्रकार | √ | √ |
| २१. | बाबुराम सुवेदी, पेफा सचिवालय | √ | √ |
| २२. | रामशरण पुडासैनी, सहसचिव, अर्थ मन्त्रालय | √ | √ |
| २३. | हरिविनोद अधिकारी, फ्रिडम फोरम | √ | √ |
| २४. | तारानाथ दाहाल, अध्यक्ष, फ्रिडम फोरम | √ | √ |
| २५. | धर्मेन्द्र झा, पत्रकार (फ्रिडम फोरम) | √ | √ |

| | | | |
|---|---|---|---|
| २६. | अनिरुद्र न्यौपाने, फ्रिडम फोरम | √ | √ |
| २७. | राजेन्द्र बज्राचार्य, पूर्वसंयोजक, पेफा सचिवालय | | √ |
| २८. | नरेशकुमार चापागाईं, सार्वजनिक खरिद अनुगमन कार्यालय | √ | √ |
| २९. | भेषराज बेल्बासे, गोरखापत्र दैनिक | | √ |
| ३०. | केदारप्रसाद पनेरू, उपसचिव, अर्थ मन्त्रालय | | √ |
| ३१. | बन्धु रञ्जन, डी.एफ.आई.डी | | √ |
| ३२. | शिवहरि खतिवडा, हिमालय टाइम्स दैनिक | | √ |
| ३३. | चन्द्रप्रसाद श्रेष्ठ, उपसचिव अर्थमन्त्रालय | | √ |
| ३४. | पुष्प दुलाल, अनलाइन खबर | | √ |
| ३५. | पुष्पराज आचार्य, कारोबार दैनिक | | √ |
| ३६. | दानबहादुर कार्की, फ्रिडम फोरम | | √ |
| ३७. | नवराज महरा, फ्रिडम फोरम | | √ |
| ३८. | नवराज घिमिरे, राष्ट्रिय समाचार समिति | | √ |
| ३९. | रामेश्वर खनाल, पूर्व अर्थसचिव | | √ |
| ४०. | कृष्ण सापकोटा, कार्यकारी निर्देशक, फ्रिडम फोरम | √ | √ |

## सन्दर्भ सामग्री

Guide to Transparency in Government Budget Reports.Why are Budget Reports Important and What Should They Include, IBP, 2012.

Power of Making it Simple: A Governmet Guide to Developing Citizens Budget, IBP 2012.

Nepal Report, Open Budget Survey, IBP, 2010 and 2012

खुला बजेट सहयागी पुस्तक, २०१४, फ्रिडम फोरम

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
इमेल : info@freedomforum.org.np
फोन : ४१०२०३०/४१०२०२२
फ्याक्स : ४२२६०९९